मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २१ गते शुक्रबार (Friday, 5 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## नेकपा एसको अध्यक्षमा नेपाल सर्वसम्मत



**काठमाडौँ, असार २०।** नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को अध्यक्षमा माधवकुमार नेपाल सर्वसम्मत चयन भएका छन् ।

नेपाल प्रज्ञाप्रतिष्ठानमा जारी पार्टीको दशौँ महाधिवेशनले उनलाई उक्त पदमा सर्वसम्मतिले

(बाँकी अन्तिम पृष्ठमा)

### बैदेशिक रोजगार

# ११ महिनामा ६ लाख बाहिरिए

**झापा, असार २०।** आर्थिक वर्ष २०८०/०८१को ११ महिनामा ६ लाख ८२ हजार ५ सय ६६ जना नेपाली वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका छन् ।

वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार पछिल्ला वर्षहरूमा नेपाली सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने देशमा कतार, साउदी अरेबिया, युनाइटेड अरब इमिरेट्स (यूएई), मलेशिया, कुवेत, बहराइन, रोमानिया, जापान, ओमन र दक्षिण कोरिया छन् ।

आर्थिक वर्ष २०७५/०७६ देखि २०७९/०८०सम्मको पाँच वर्षको अवधिमा ६ लाख १० हजार ९९८ जना कतार, ५ लाख ४७ हजार ४६३ जना साउदी अरब, ४ लाख ७९ हजार ७८ जना यूएई, ३ लाख ९७ हजार ९८४ र १ लाख २० हजार ६५३ जना नेपाली रोजगारीको लागि कुवेत गएको वैदेशिक रोजगार विभागको तथ्याङ्कले देखाउँछ ।

आर्थिक वर्ष २०७९/०८०मा वार्षिक १ लाखदेखि ३ लाखसम्म नेपाली रोजगारीमा जाने देशको संख्या चार, ५० हजारभन्दा बढी रोजगारीमा जाने देशको संख्या चार, १० हजारदेखि ५० हजारसम्म रोजगारीमा जाने देशको संख्या तीन, ५ हजारदेखि १० हजारसम्म रोजगारीमा जानेको संख्या सात र १ हजारदेखि ५ हजारसम्म रोजगारीमा जाने संख्या ६ छ । एक हजारदेखि ४ हजारसम्म नेपाली वैदेशिक रोजगारीमा जाने देशको संख्या २० छ ।

नेपाल राष्ट्र बैंकको विवरण अनुसार चालू आर्थक वर्ष २०८०/०८१को पहिलो १० महिनामा ११ खर्ब ९८ अर्ब ६० करोड रुपैयाँ 'रेमिट्यान्स' नेपाल भित्रिएको छ । पछिल्लो ११ महिनामा प्रत्येक महिना औसतमा ६२ हजारभन्दा बढी र दैनिक २ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएको देखिन्छ । यस्तै, बितेको १० महिनामा प्रत्येक महिना




औसतमा १ खर्ब १९ अर्ब ८६ करोड र प्रत्येक दिन करिब ४ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ ।

पछिल्ला दशकमा रोजगारी खोज्दै नेपाली युवाहरू विदेशिने क्रम अत्यधिक बढेको छ । राजनीतिक अस्थिरताले देशभित्र रोजगारी सृजना गर्न नसकेपछि युवाहरू रोजगारी खोज्दै विदेश जान थालेका हुन् ।

यसैकारण वैदेशिक रोजगारी पछिल्ला दशकमा नेपाली अर्थतन्त्रको मेरुदण्ड बनेको छ । गतआर्थिक वर्ष २०७९/०८० मात्र वैदेशिक रोजगारीबाट १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ 'रेमिट्यान्स' नेपाल भित्रिएको थियो । सात लाख ७१ हजार ३२७ जना नेपाली त्यो वर्ष वैदेशिक रोजगारीमा गएका थिए । परिवारबाट अलग भई विदेशमा रहेर भए पनि देशको अर्थतन्त्रलाई धस्सिनबाट जोगाइरहेका युवाहरू भने वैदेशिक रोजगारीमा जाने प्रक्रिया शुरु भएदेखि नै ठगिने गरेका छन् । अझ भनौं, दुःख पाउने गर्छन् । यसतर्फ सरकारले चासो दिएको छैन । जसका कारण वैदेशिक रोजगारीमा जानेले दुःख पाइ नै रहेका छन् । वैदेशिक रोजगारीमा जाने नेपालीले के-कति दुःख पाएका छन् भने महालेखापरीक्षकको कार्यालयले तयार पारेको 'कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन-२०८१' मा उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारीमा जाने नेपाली कामदारले दुःख पाउनुका अनेक कारण छन् । नेपालीहरू रोजगारीमा जाने मुलुकको संख्या अधिक भए तापनि न्यून संख्यामा मात्र द्विपक्षीय श्रम सम्झौता भएको छ । वैदेशिक रोजगारीमा जानेमध्ये सिप

(बाँकी अन्तिम पृष्ठमा)

## विदेश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौँ, असार २०।** बेरोजगार युवाहरूलाई आकर्षक तलबमा वैदेशिक रोजगारीमा पठाउने भन्दै लाखौं रुपैयाँ ठगी गरेको आरोपमा नेपाल प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । वैदेशिक रोजगारीमा पठाउने भन्दै रकम लिएर सम्पर्कविहीन भएको उनीहरूमाथि आरोप छ ।

पक्राउ पर्नेमा ताप्लेजुङ घर भएका ३३ वर्षीय जीवन कडरिया र रामेछाप घर भएका ४६ वर्षीय चूडाबहादुर खड्का रहेका छन् । उनीहरूको ठगीबारे वैदेशिक रोजगार विभागमा उजुरी परेको थियो । जीवनले एक जना पीडितसँग क्यानडा पठाइदिने भन्दै चार लाख २० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएका थिए । उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौँको मैतीदेवीबाट पक्राउ गरेको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

# ६९ मानवअधिकार उल्लंघनका घटना




**बिर्तामोड, असार २०।** झापाको बिर्तामोडमा मानव अधिकार वर्ष पुस्तक-२०२४को अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।

सन् २०२४को जनवरीदेखि छ महिनाको अवधिमा भएका घटनाहरुका विषयमा समीक्षा तथा छलफल गर्दै पुस्तकमा समेटिनुपर्ने विषयमा चर्चा गरिएको थियो । मानवअधिकार सञ्जाल झापाकी उपाध्यक्ष कविता बाँस्तोला शर्माको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा अनौपचारिक सेवा केन्द्र इन्सेक झापाका प्रतिनिधि नरेश खातीले पुस्तकमा समावेश गर्नका लागि तयार पारिएको प्रतिवेदन प्रस्तुत गरेका थिए । जिल्लामा ६९ वटा मानव अधिकार उल्लंघनका घटनाहरु भएको र त्यसमा ७१ जना बालबालिका ६७ जना महिला र दुई जना पुरुष पीडित रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

झापामा गैरराज्यपक्षबाट गोली प्रहार एक, हत्या आठ, घरेलु हिंसा दुई, बलात्कार २७, बलात्कार प्रयास सात, बहुविवाह छ, अपहरण एक, जातीय भेदभाव तथा छुवाछुत एक, यौन दुर्व्यवहार १५ र आर्थिक सामाजिक, सांस्कृतिक अधिकार हननका दुई वटा घटना भएको जनाइएको छ ।

सन् २०२४को जनवरी १देखि जुन महिना अर्थात् २०८० पुस १७ गतेदेखि २०८१ असार १५ गते करिब छ महिनाको अवधिमा झापामा यी घटनाहरु भएको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा सशस्त्र प्रहरीले सीमा क्षेत्रमा नागरिकमाथि कुटपिट गरेको, दमकमा बिद्यार्थीमाथि गोली प्रहार भएको, अस्पतालमा बिरामीको मृत्यु भएको बहानामा तोडफोडका घटनाले मानव अधिकार उल्लंघन भएको, बालिकामाथि यौनजन्य हिंसा भएको समाचार लेखेकै कारण मानव अधिकारकर्मी तथा पत्रकारलाई ज्यान मार्ने धम्की दिएको, मेची प्रादेशिक अस्पतालमा दरबन्दी अनुसार चिकित्सक नहुँदा सर्वसाधारण नागरिक स्वास्थ्य सेवाबाट वञ्चित भएको, कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखेको, राष्ट्रिय परिचय-पत्र अनिवार्य गरिएसँगै वृद्धवृद्धालाई कष्टकर रुपमा सेवा लिन बाध्य बनाइएको लगायतका विषयहरुलाई इन्सेक प्रतिनिधि खातीले आफ्नो प्रतिवेदनमा समेटेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## जबरजस्ती करणी अभियोगमा पक्राउ

**झापा, असार २०।** २३ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा बाह्रदशी-१ बस्ने २८ वर्षीय अन्सार मियाँलाई प्रहरीले पक्राउ गरेको छ ।

मियाँले ती महिलालाई विवाह गर्छु भनी आश्वासन देखाई जबरजस्ती करणी गरेको भन्ने उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा चन्द्रागिरी नगरपालिका-१२ बस्ने नुवाकोट बेलकोटगढी गाउँपालिका-१३ घर भएका २६ वर्षीय दीपेश

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोड पूर्ण खोप सुनिश्चित पालिका

**बिर्तामोड, असार १९।** बिर्तामोड नगरपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको छ ।

१६ महिनादेखि २३ महिनासम्मका बालबालिकालाई १५ महिनाभित्र पाउनुपर्ने सबै खोप लगाइसकेको सुनिश्चिततासहित पूर्ण खोप पालिका घोषणा गरिएको हो । राष्ट्रिय खोप तालिका अनुसार २०८१ असार १७ गतेसम्ममा ८ हजार २ सय ५१ जना बालबालिकालाई सबै प्रकारका खोपहरु लगाइएको स्वास्थ्य शाखाले जनाएको छ । तथ्याङ्क अनुसार खोप लगाउन छुटेका ५२ जनालाई खोजेर लगाइएको स्वास्थ्य शाखाका सिनियर अहेब अधिकृत दीपक सापकोटाले जानकारी दिए ।

पालिकाका १० वटै वडाका बालबालिकाले पूर्णरुपमा



खोप पाएको सुनिश्चित भएपछि पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य शाखा प्रमुख राजीवकृष्ण विष्टले बताए ।

स्वास्थ्य शाखाद्वारा आयोजित पूर्ण खोप सुनिश्चित

(बाँकी अन्तिम पृष्ठमा)

# ११ करोडको सामान बरामद

**भद्रपुर, असार २०।** सशस्त्र प्रहरी बल नेपालले झापामा भन्सार छली गरी भारतबाट भित्र्याइएको रु. ११ करोड १० लाख ८४ हजारभन्दा बढीको विल विजक नभएका सामान बरामद गरेको छ ।

चालूआर्थिक वर्षको साउनदेखि यही असार १८ गतेसम्म सशस्त्र प्रहरी बल नेपाल २ नं गण तथा मातहतका युनिटबाट खटेको गस्ती टोलीले उक्त मूल्य बराबरको सामान बरामद गरेको सशस्त्र प्रहरी उपरीक्षक कवीन्द्र राईले जानकारी दिए ।

उनका अनुसार रु. एक करोड चार लाख दुई हजार मूल्य बराबरको १२ वटा सवारी, रु. ३० लाख ६१ हजार पाँच सय ७० मूल्य भएको सात सय ७९ गोलिया काठ, रु. ५३ लाख ३४ हजार दुई सय मूल्य पर्ने एक हजार ८१ वटा पशु चौपाया, रु. तीन लाख अवैध उत्खननका सवारी बरामद गरिएको छ । रु. ६६ लाख ९३ हजार ९० बराबरको मासुजन्य, रु. ८८ हजार बराबरको मदिरा र रु. १७ लाख ५१ हजार सात सय ७० बराबरको २४ बोरा आतिसबाजी (पटका) बरामद गरी नष्ट गरिएको सशस्त्र प्रहरी बल नेपाल २ नं. गणले जनाएको छ ।

चालू आवको हालसम्ममा सशस्त्र प्रहरीले भारतबाट लागूऔषधसहित नेपाल भित्रिँदै गरेका एक सय चार जना लागूऔषधका प्रयोगकर्ता तथा कारोबारी पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको सप्रउ राईले बताए । उनका अनुसार पक्राउ पर्ने व्यक्तिका साथमा सात सय ३६.२१ ग्राम खैरो हेरोइन, गाँजा, ट्याब्लेट, सिरप लगायतका प्रतिबन्धित औषधि बरामद गरिएको हो ।

(बाँकी अन्तिम पृष्ठमा)

# शनिश्चरेमा आमा तथा नवजात शिशु कार्यक्रम



**अमित खम्बू**

**अर्जुनधारा, असार २०।** नेपाल सरकारबाट चार वर्ष अघि १५ शैय्याको अस्पतालमा स्तरोन्नति भएको झापाको अर्जुनधारा-९स्थित शनिश्चरे अस्पतालमा शल्यक्रिया सेवासहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन हुने भएको छ ।

स्वास्थ्य सेवा विभागको गतवैशाख २३ गतेको निर्णय अनुसार अस्पतालमा उक्त कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त भएको अस्पतालका प्रशासन शाखा प्रमुख राजबिक्रम खड्काले जानकारी दिए । शाखा प्रमुख खड्काका अनुसार शल्यक्रिया सेवासहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम अन्तर्गत बिमा कार्यक्रममा सहभागी भएका र नभएका सबै बिरामीलाई अस्पतालले निःशुल्क सेवा प्रदान गर्ने बताइएको छ ।

त्यसैगरी अस्पतालमा शल्यक्रिया सेवासहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमसँगै विस्तारित शल्यक्रिया सेवा सञ्चालनको लागि आवश्यक पूर्वाधार र जनशक्ति पनि तयारी अवस्थामा रहेको बताइएको छ ।

२०७७ असोज ७ गते प्राथमिक स्वास्थ्य केन्द्रबाट अस्पतालमा स्तरोन्नति भएको शनिश्चरे अस्पतालमा हाल २४ घण्टा

(बाँकी अन्तिम पृष्ठमा)






# झापाका तीन स्थानमा स्वचालित पूर्वसूचना प्रणाली जडान

**झापा, असार २०।** बाढीको उच्च जोखिममा रहेका झापाका तीन स्थानलाई लक्षित गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्वचालित पूर्वसूचना प्रणाली (साइरन) जडान गरेको छ।

कनकाई र विरीङ नदीमा पानीको बहाव बढेसँगै स्वचालित साइरनले जडान गरिएको स्थानबाट करिब दुई किलोमिटर क्षेत्र वरपरका सर्वसाधारणलाई सचेत गराउने प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले बताए। उनका अनुसार जिल्लामा बाह्रदशी-१को भागुडुब्बा, झापा गाउँपालिकाको सडकवारी र गौरीगञ्ज गाउँपालिकाको कुञ्जिवारीमा स्वचालित साइरन जडान गरिएको छ। उक्त साइरन स्कुलको छतमा जडान गरिएको छ।

प्रवक्ता भट्टराईले बहुप्रकोपीय स्थानको अध्ययन अनुसन्धान गरेर रेडक्रस सोसाइटीको सहकार्यमा पूर्व सूचना प्रणाली देशभर जडान गरिएको बताए। बाढीको उच्च जोखिममा रहेका देशभरका ६० स्थानमा परीक्षणका लागि स्वचालित साइरन जडान गरिरहेको उनले जानकारी दिए।

झापाका धेरै पालिकाहरु बाढीको उच्च जोखिममा छन्- प्रवक्ता भट्टराईले भने- हामीले अहिले परीक्षणका लागि तीन स्थानमा जडान गरेका छौँ, प्रभावकारी भयो भने पालिका आफैँले खरिद गरेर पनि जडान गर्न सक्छन्। उनले स्वचालित साइरन जडान गर्न करिब रु. सातदेखि आठ लाख खर्च हुने हुँदा पालिका आफैँले पनि खरिद गरेर जडान गर्न सक्ने बताए।

कनकाईमा रहेको वर्षा मापन यन्त्रले जलसतह तीन दशमलव आठ मिटरमाथि पुगेपछि एसएमएस पठाउने गरेको छ, यसैका आधारमा साइरनको आवाजले स्थानीयवासी सूचित हुनेछन्। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार जलसतह पाँच दशमलव दुई मिटरलाई सतर्कता तह मानिन्छ भने पाँच दशमलव छ मिटरलाई खतराको तह मानिन्छ।

यसअघि जिल्लाको सबैभन्दा ठूलो नदी कन्काईको तटीय क्षेत्रका कनकाई नगरपालिका, शिवसताक्षी नगरपालिका गौरीगञ्ज र झापा गाउँपालिका गरी चार पालिकाका १२ वडाका १५ बस्तीमा बाढीको पूर्वसूचना दिन १० वर्षअघि नै मानव परिचालित साइरन जडान गरिएको नेपाल रेडक्रस सोसाइटीका विपद् व्यवस्थापन फोकल पर्सन हरिकृष्ण खड्काले बताए।

झापा र इलामको सीमाना मैनाचुलीमा जलमापन केन्द्र र गैंडेमा बाढी मापन केन्द्र उपकरण जडान गरिएका छन्। ती केन्द्रले वर्षा र जलसतह मापन गरेर बाढी आउने पूर्व जानकारी मोबाइल र इन्टरनेटबाट स्थानीय समुदायलाई एसएमएसबाट पठाउने गरेका छन्। त्यही एसएमएसका आधारमा गाउँमा साइरन बजाउने गरिएको उनले बताए।

## नेकपा ...

चयन गरेको हो। पार्टीको महासचिवमा घनश्याम भुसाल सर्वसम्मत चयन भएका छन्। महाधिवेशनले झलनाथ खनाललाई सम्मानित नेतामा चयन गरेको छ।

उक्त पार्टीको प्रचार विभागका अनुसार ती तीन पदमा सर्वसम्मत चयन गरिएको हो भने अन्य पद पार्टी सचिवालयले टुंग्याउने निर्णय गरेको छ।

## बिर्तामोड ...

पालिका घोषणा प्रतिवद्धता पत्रमा नगर प्रमुख पवित्रा महतारा प्रसाई, उप प्रमुख नगेन्द्र प्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडा, वडाध्यक्ष लगायत जनप्रतिनिधि तथा कर्मचारीहरुले हस्ताक्षर गरेका छन्।

बिर्तामोड नगरपालिकाले यसअघि धर्म, जातजाति, जनसंख्या र स्वास्थ्य क्षेत्रको सम्पूर्ण तथ्याङ्कसहितको 'स्वास्थ्य पार्श्वचित्र' पुस्तक समेत सार्वजनिक गरेको थियो।

## शनिश्चरेमा ...

विशेषज्ञ सेवासहित दैनिक भिडियो एक्स-रे सेवा, इमरजेन्सी सेवा, अन्तरंग सेवा, ल्याब सेवा, फार्मेसी सेवा, एएनसी सेवा र २४ सै घण्टा बिलिङ सेवा आदि सञ्चालनमा रहेको छ।

अस्पतालमा एक जना एमडीजीपी, एक जना स्त्री तथा प्रसुति रोग विशेषज्ञ, ६ जना मेडिकल अधिकृत रहेका छन्। शल्यक्रिया सेवाका लागि आवश्यक अन्य चिकित्सकहरु अनकलमा उपलब्ध हुने व्यवस्था अस्पताल प्रशासनले मिलाएको छ- उनले भने।

यसैबीच अस्पतालमा सञ्चालन हुने शल्यक्रिया सेवासहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम तथा विस्तारित शल्यक्रिया सेवा सञ्चालनको बिहीबार एक समारोहकाबीच समुद्घाटन गरिएको छ। नगर प्रमुख एवम् अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिका अध्यक्ष बलदेवसिंह गोम्देन तामाङको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले उद्घाटन गरेका थिए।

नगर उपप्रमुख खड्गमाया पराजुली, प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमाललगायतको सहभागिता रहेको कार्यक्रममा समितिका सदस्य डा. भक्तराज दाहालले अर्जुनधारा नगरपालिकालाई निरोगी नगर बनाउने विषयमा आफ्नो धारणा राखेका थिए। अस्पतालका प्रमुख डा. योगेश चेम्जोङले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रशासन शाखाका सहायक सौजन कटुवालले गरेका थिए।

## विदेश ...

त्यस्तै, खड्काले तीन जना पीडितलाई दक्षिण कोरिया पठाइदिन्छु भनेर १७ लाख रुपैयाँ उठाएर फरार भएका थिए।

उनलाई काठमाडौँको धुम्बाराहीबाट पक्राउ गरिएको प्रहरीको भनाइ छ। दुवैलाई पक्राउ गरी थप अनुसन्धान र कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए।

## ११ करोडको ...

सशस्त्र प्रहरी बल २ नं. गणले झापा जिल्लाको भारतसँग सीमा जोडिएको क्षेत्रको सुरक्षा, सीमा क्षेत्रबाट हुने अपराध नियन्त्रण, सीमा अतिक्रमणको अनुगमन तथा रोकथाम, सीमा क्षेत्रमा हुने राजश्व चुहावट नियन्त्रण तथा गैरकानूनी गतिविधि नियन्त्रणलाई थप प्रभावकारी बनाउने उद्देश्यले सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा चारवटा टोली पैदल गस्ती परिचालन भएको छ- सप्रउ राईले भने।

सीमा क्षेत्रमा हुने गैरकानूनी गतिविधि नियन्त्रण गर्न भारतसँग सीमा जोडिएका २१ वटा वडामा सीमा सहजीकरण समिति गठन गरी समय-समयमा बैठक बस्ने गरेको सशस्त्र प्रहरी बल २ नं. गणले जनाएको छ। साथै भारतीय समकक्षी एसएसबीसँग आवश्यकता अनुसार निरन्तर बैठक बस्ने गरेको सशस्त्र प्रहरी २ नं. गण झापाले जनाएको छ।

## ११ महिनामा ...

तथा दक्षता प्राप्त नेपालीको संख्या न्यून छ। नीति तथा ऐनमा व्यवस्था भए बमोजिम उल्लेख्य संख्यामा नेपाली श्रमिक कार्यरत मुलुकमा दूतावास तथा श्रम सहचारीको व्यवस्था हुन सकेको छैन।

नेपाली श्रमिकहरूले गन्तव्य देशको भाषा तथा कानून नबुझ्ने, सम्झौता बमोजिम तलब तथा सुविधा र काम नपाउने, उजुरी गर्ने स्थानको विषयमा जानकारी नहुने, कामको सिलसिलामा अंगभंग तथा मृत्यु हुने, विभिन्न कारणले नेपाली श्रमिकहरू विदेशमा अलपत्र पर्ने लगायतका समस्याहरू देखिएको छ- प्रतिवेदनमा दुःख पाउनाका कारण औंल्याइएको छ।

नेपालले हाल विश्वका १११ देशमा संस्थागत रुपमा वैदेशिक रोजगारीमा जान खुला गरेको छ। व्यक्तिगत रुपमा वैदेशिक रोजगारीमा जान खुला गरिएका देशको संख्या १७८ छ। आर्थिक वर्ष २०५१/०५२देखि ठूलो संख्यामा नेपाली वैदेशिक रोजगारीमा जान थालेका हुन्।

**तीन लाख ७१ हजारभन्दा बढी अवैध**

महालेखापरीक्षकको कार्यालयले गरेको अध्ययनले वैदेशिक रोजगारीका क्रममा विभिन्न देश पुगेका ठूलो संख्यामा नेपालीहरू अवैध तरिकाले ती देशमा रहेको देखाएको छ।

तीन देश- यूएई, मलेशिया र साउदी अरबमा मात्र अवैध रुपमा रहेका नेपाली कामदारको संख्या ३ लाख ७१ हजार २९५ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदन अनुसार मलेसियामा करिब १ लाख, साउदी अरेबियामा १५ हजार १३६ र यूएईमा २ लाख ५६ हजार १५९ जना नेपाली अवैधानिक तरिकाले रहेका छन्।

संयुक्त अरब इमिरेट्समा पर्यटन भिसामा श्रमिक आउने तर स्वदेश फिर्ता नहुने तथा श्रम अवधि समाप्त भएपश्चात पुनःश्रम स्वीकृति नलिएको कारणले श्रमिकहरू अवैधानिक रुपमा रहेको दूतावासले उल्लेख गरेको छ- प्रतिवेदनमा भनिएको छ।

साउदी अरेबिया र मलेसियामा श्रमिक काम गरिरहेको कम्पनीले भिसा नवीकरण नगरिदिने, आवासीय परिचय पत्र नबनाइदिने, नवीकरण नगरिदिने र कामदार आफैँले कम्पनी छाडी भागेकोले अवैधानिक हुने गरेको अध्ययनले देखाएको छ।

श्रमिकहरू कम्पनी छाडी भाग्ने कारणमा सम्झौता अनुसारको काम र पारिश्रमिक प्राप्त नहुने, कार्यवातावरण अनुकूल नहुने लगायत छन्। कामदार अवैधानिक भएपछि प्रहरीबाट पक्राउ पर्ने र मुद्दा खेप्नुपर्ने, कालो सूचीमा पर्ने, उपचारका लागि अस्पताल भर्ना हुन नसक्ने, सार्वजनिक यातायात प्रयोग गर्न नसक्ने, जरिवाना तिर्नुपर्ने, प्राप्त गर्न सकिने सेवासुविधा प्राप्त नहुने लगायतका समस्या हुने देखिन्छ- प्रतिवेदनमा भनिएको छ।

**५८९ जना विदेशी जेलमा**

वैदेशिक रोजगारीमा गएका ठूलो संख्यामा नेपाली विभिन्न देशका जेलमा बन्दी जीवन बिताउन बाध्य छन्। उनीहरूलाई विभिन्न आरोप लगाई जेलमा राखिएको छ।

के कति संख्यामा श्रमिकबन्दी छन् भनी परराष्ट्र मन्त्रालयबाट विवरण माग गरिएकोमा साउदी अरेबियामा हालसम्म ४८०, बहराइनमा ९, कतारमा ७२ र दक्षिण कोरियामा २८ जना श्रमिक बन्दी रहेको विवरण प्राप्त भएको छ- प्रतिवेदनमा भनिएको छ।

चार देशमा ५८९ जना नेपाली बन्दी जीवन बिताइरहेको प्रतिवेदनमा उल्लेख छ। विदेशी मुलुकका कारागारमा रहेका नेपाली श्रमिकलाई आफ्नै देशको कारागारमा सजाय भुक्तानी गर्ने गरी स्थानान्तरण गर्न नेपाल सरकार तथा नियोगबाट आवश्यक पहल हुनुपर्दछ- प्रतिवेदनमा सुझाव दिइएको छ।

**१२ देशसँग मात्र श्रम सम्झौता**

वैदेशिक रोजगारीमा गएका कूल नेपालीको ९४ प्रतिशत १० देशमा गएको देखिन्छ। ती हुन्- कतार, साउदी अरेबिया, यूएई, मलेशिया, कुवेत, बहराइन, रोमानिया, जापान, ओमन र दक्षिण कोरिया।

महालेखाको प्रतिवेदन अनुसार, नेपाली कामदारको गन्तव्य मुलुकमध्ये १२ देशसँग मात्र श्रम सम्झौता भएको छ। कतार र बहराइनसँग श्रम सम्झौता नवीकरण भएको छैन। श्रम सम्झौता भएका १२ देशमध्ये दक्षिण कोरियासँग पूर्ण र बेलायत र ईजरायलसँग सीमित रुपमा सरकारीस्तरबाट श्रमिक पठाउने गरी सम्झौता भएको छ। व्यक्तिगत र संस्थागत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदा तोकिएको भन्दा बढी शुल्क तिर्नुपरेको, सम्झौता बमोजिमको पारिश्रमिक र काम नपाएको लगायतका समस्या देखिएकोले वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित बनाउन अन्य मुलुकमा समेत सरकारीस्तर (जीटुजी प्रक्रिया) बाट श्रमिक पठाउन पहल हुनुपर्ने देखिन्छ- प्रतिवेदनमा भनिएको छ।

## ६९ मानवअधिकार ...

प्रतिवेदनमाथि छलफल गर्दै प्रमुख जिल्ला अधिकारी बाँस्तोलाले झापामा मानवअधिकार उल्लंघनका घटना कम गर्न आफूले प्रयास जारी राखेको बताए। उनले झापालाई मानव अधिकारमैत्री जिल्ला बनाउनका लागि आफूले सबै पक्षसँग छलफल र समन्वय गर्ने गरेको उल्लेख गरे।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले मानव अधिकार रक्षाका लागि झापामा सबै पक्षले समन्वय गरेर अगाडि बढ्ने गरेको बताए। उनले इन्सेकले तयार पारेको अर्धवार्षिक समीक्षामा समेटिएका सवालप्रति सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गरे। मानव अधिकार रक्षाका लागि झापाली पत्रकार सदैव सहकार्य गर्न तयार रहेको उनको भनाइ छ।

कार्यक्रममा झापाका प्रहरी उपरीक्षक मिलन केसीले प्रहरीले मानव अधिकार सम्बन्धी छुट्टै डेस्क नै खडा गर्ने गरेको भन्दै मानव अधिकार रक्षाका लागि नेपाल प्रहरी सचेत रहेको उल्लेख गरे। कहींकतै प्रहरीबाट कुनै घटना भएमा त्यसको गहनता बुझ्न आग्रह गर्दै मानव अधिकारका क्षेत्रमा आफूहरु सचेत रहेको धारणा व्यक्त गरे। सशस्त्र प्रहरी २ नं. गणका प्रमुख कवीन्द्र राईले सीमा क्षेत्रको सुरक्षाको जिम्मा सशस्त्र प्रहरीको भएको भन्दै सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका क्रममा गरिएका बल प्रयोगलाई मानवअधिकार उल्लघंनका घटनामा जोड्न नहुने विचार व्यक्त गरे।

शान्ति सुरक्षा कायम गर्दै जिउधनको रक्षा गर्नु पहिलो जिम्मेवारी रहेको तथा अपराध नियन्त्रणका लागि गरिएका प्रयासप्रति गहन रुपमा बुझ्न आग्रह गरे। आफूहरु मानव अधिकार रक्षाको सवालमा गम्भीर रहेको भन्दै सीमा क्षेत्रमा हुने घटनालाई सूक्ष्म रुपमा अध्ययन गरिदिन आग्रह समेत गरे।

कार्यक्रममा मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न व्यक्तिहरुले आफ्ना जिज्ञासा तथा धारणाहरु राखेका थिए। कार्यक्रमको सञ्चालन झापा प्रतिनिधि खातीले गरेका थिए।

## जवरजस्ती ...

मगरलाई प्रहरीले पक्राउ गरेको छ। मगरले ती किशोरीलाई चन्द्रागिरी नगरपालिका-१२स्थित घरमा विगत १०/१२ दिनदेखि बन्धक बनाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी प्रभाग बलम्बूबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।


### राहदानी हरायो

ताप्लेजुङबाट झापा आउने क्रममा यही मिति २०८१।०२।०४ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- भीष्मराज भण्डारी
**ठेगाना**:- मेहेले-२, ताप्लेजुङ
**हाल**:- सिदिङ्वा गापा-६, ताप्लेजुङ
**राहदानी नं.**:- ०९९२२७०९
सम्पर्क नं. :- ९८०६०८८०४६

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

### सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं।

- आफूले प्रयोग गर्ने मोबाइल, कम्प्युटर जस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं।
- अरुलाई आफ्नो एकाउन्टको पासवर्ड नदिउँ।
- साथीभाइ वा अन्यको फोटो तथा भिडियो खिच्नुअघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुन सक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

### राहदानी हरायो

बिर्तामोडबाट चारपाने जाने क्रममा यही मिति २०८०।११।१५ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- मनिषा पौडेल
**ठेगाना**:- अनारमनी-३, झापा
हाल: बिर्तामोड-५, झापा
**राहदानी नं.**:- ३४५०३०८
सम्पर्क नं. :- ९८५२६८५३९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

### श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

## कर्जा बुझाउन आउने बारे सूचना

दोस्रोपटक प्रकाशित मितिः २०८१।०३।२१

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफुले तिर्न बुझाउनुपर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना दोस्रोपटक जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितीले ७ दिनभित्र आफुले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ। अन्यथा कालो सूचीमा राख्न लेखी पठाई सहकारी ऐन २०७४ बमोजीम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ।

**१. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : सरोज कुमार संग्रौला
बाबुको नाम : कुल प्रसाद संग्रौला
बाजेको नाम : रघुनाथ संग्रौला
पत्निको नाम : अनुशा भटराई
ना.प्र.नं. : ९९०१९३४८(झापा)
ठेगाना : बिर्तामोड-५
परिवारको जमानीकर्ता : अनुशा भट्टराई
बाबुको नाम : टंक प्रसाद भटराई
ना.प्र.नं. २७७१९८
जमानीकर्ता : सूर्य राजवंशी
जमानीकर्ता : नारद रिजाल

**२. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : मैया कटुवाल
बाबुको नाम : पदम बहादुर कटुवाल
बाजेको नाम : भगिरथ कटुवाल
पतिको नाम : बेदनिधी कटुवाल
ना.प्र. १३९५०
ठेगाना : अर्जुनधारा-११
परिवारको जमानीकर्ता : बेदनिधी दाहाल
जमानीकर्ता : रत्न योगी
जमानीकर्ता : इन्द्र माया राई

**३. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : शोभा चौधरी (अभिषेक)
बाबुको नाम : तेजि लाल चौधरी
बाजेको नाम : सिप चरण चौधरी
पतिको नाम : पुष्प लाल चौधरी
ना.प्र.नं. : ०४३०१०/११४५ (झापा)
ठेगाना : अर्जुनधारा-११
जमानीकर्ता : रुपा चौधरी
जमानीकर्ता : मालति चौधरी

**४. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : कृषणा माया तामाङ
बाबुको नाम : जित बहादुर तामाङ
बाजेको नाम : : लाल बहादुर तामाङ
पतिको नाम : कर्ण बहादुर तामाङ
ना.प्र.नं. : ०४-०१-७३-०३९५७ (तेह्रथुम)
ठेगाना : बिर्तामोड-०६
परिवारको जमानीकर्ता : कर्ण बहादुर तामाङ
बाबुको नाम : चन्द्र बहादुर तामाङ
ना.प्र नं. ३५०११०२४ (तेह्रथुम)
जमानीकर्ता : धनमाया राई
जमानीकर्ता : सोनी लिम्बु

**ऋण असुली उप-समिति**




### कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी झापा
कोशी प्रदेश, नेपाल

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सूचना

प्रकाशित मितिः २०८१/०३/२०

यस कमल गाउँपालिकाले कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आव्हान गरिएको छ। कमल गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी १५ दिनभित्र कमल गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेदवारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम् हुनुपर्नेछ।

**तपसिल**

**१) विज्ञापन नं पद र माग संख्या २**

| सि.नं. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०३।२०८०।०८१ | सामुदायिक आधारित [redacted]:स्थापना (सिविआर) [redacted]जकर्ता) | खुला | १ |
| [redacted] | [redacted] | | समावेशी (अपाङ्गता) | १ |

[redacted]गि कमल गाउँपालिकाको वेवसाइटमा हेर्नुहोला।

**प्रमुख प्रशासकीय अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) [redacted]ाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थाप[redacted]७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-[redacted]chal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# सहकारीलाई मूल्य र मान्यतामा सञ्चालन गर

**सानो समूहका मानिसहरुको हितका निम्ति समूहमा आबद्ध सबैको समान सहभागिता र अपनत्वसहित गठन भएको संस्था नै सहकारी हो । यसलाई व्यवस्थित ढङ्गले, वैधानिक तथा असल मनसाय र सबैको हित गर्ने गरी सञ्चालन गर्नु सहकारीको लक्ष्य पनि हो । यसको आदर्श, मूल्य–मान्यता, लक्ष्य भनेकै समुदायको हित गर्नु रहेकाले सहकारीलाई सञ्चालन र व्यवस्थापन गर्नेहरुको नियत सफा रहुञ्जेल यो देशको अर्थतन्त्रको एउटा अभिन्न अङ्ग हुन्छ । तर, पछिल्लो समय ‘झरीको च्याउ’ सरह विस्तार हुन थालेपछि र यसको आदर्श, मूल्य र मान्यता विपरीतका गतिविधि बढ्दै गएपछि सहकारीको साख गिर्न थालेको छ ।**

**पूर्वीय दर्शनले कलियुगको शक्ति नै संगठन भनेको छ । समुदाय एउटै लक्ष्य र गन्तव्यमा गोलबद्ध हुँदा कठिन काम पनि सहजै पूरा गर्न सकिन्छ भन्ने यही मान्यतालाई टेकेर स्थापित सहकारी ठूला–ठूला आर्थिक कारोबार गर्ने संस्थाका रुपमा सक्रिय रहँदा यस्तो अवस्था आयो । त्यही नै सहकारीका लागि प्रत्युत्पादक भएको छ । सहकारी कै मान्यता अनुसारको अनुशासनको पालना नगर्दा, वाणिज्य बैंक सरहको निक्षेप संकलन र ऋण प्रवाह गर्दा अप्ठ्यारोमा परेका सहकारी बन्द हुने अवस्थामा पुगेको विश्लेषण भएको छ । अर्थात् कोरोना कालले निम्त्याएको आर्थिक मन्दीको प्रभाव सहकारीमा पनि पऱ्यो जसका कारण तिनले बचतकर्ताको निक्षेप फिर्ता गर्न सकेनन् र समग्र सहकारी संस्था नै दोषको भागिदार बनिए ।**

**समुदायका कम आय भएका, वृद्धवृद्धा, अपाङ्गता भएका र विपन्न वर्गका जनताको दुःखले बचत गरेको रकम हिनामिना भएको छ । यसले सहकारीका सञ्चालकहरु अनुशासनबाट बरालिएको पुष्टि हुन्छ । उनीहरु उद्देश्यबाट विमुख हुँदा यसबेला धेरै सहकारीहरु सङ्कटग्रस्त छन् । कति सहकारीहरु बन्द भएका छन् भने कति सञ्चालकहरु फरार छन् । केही पक्राउ परेका पनि छन्, तर यतिले बचतकर्ताको पीडामा मल्हम लाग्दैन । सहकारी बैंकहरु जस्तो नाफामुखी संस्था होइन, नाफा कमाउने यसको लक्ष्य नै होइन, त्यसैले यसलाई पवित्र भावनाले सञ्चालन गर्नुपर्छ । सदस्यको कल्याण गर्नु सहकारीको मुख्य आदर्श हो, त्यसकारण सञ्चालक तथा सदस्यहरुले स्वनियमको पालना गर्नुपर्छ । सहकारीको नाममा ठगी गर्ने जोकोहीलाई कानूनको परिधिमा ल्याउनुपर्छ । मान्यता विपरीत जानु ठगी हो त्यसलाई दण्डित गर्नुपर्छ । त्यसकै लागि हुनसक्छ सहकारी विभागले एउटै व्यक्ति दुई वा दुईभन्दा बढी सहकारीको सञ्चालक हुन नपाइने निर्देशन दिएको छ । त्यस्तै ऋणीहरुलाई समेत राहत पुग्ने गरी केही प्रावधान थपेको छ । यसले विद्यमान वित्तीय आतंक मत्थर पार्न सघाउँछ, जो इमानी ऋणीका लागि सहायक बन्न सक्छ । अनि पनि सहकारीमा रहेको विकृति र विसंगतिको अन्त्य गर्न भने सञ्चालक र सदस्यहरुले स्वनियमन, स्वनियन्त्रण र स्वानुशासनभित्रै बस्नै पर्छ । नभए सबै सहकारीमाथिको विश्वास उठ्न सक्छ ।**

# एसइईको नतिजाको सन्देश



**बाबुकाजी कार्की**

परीक्षा नियन्त्रण कार्यालयले प्रकाशित गरेको २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा खासै उत्साहजनक रहेन । ग्रेडिङ प्रणाली अनुसार प्रकाशित नतिजामा ४७.८६ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण भए । बाँकी ५२.१४ प्रतिशत परीक्षार्थी ननग्रेडेड भए । अर्थात् उनीहरू ११ कक्षामा भर्ना भएर पढ्न पाउँदैनन् । उनीहरूले ग्रेड वृद्धिको परीक्षा दिनुपर्ने छ । यस वर्षदेखि उत्तीर्ण हुन सैद्धान्तिकमा ३५ प्रतिशत र आन्तरिकतर्फ ४० प्रतिशत अङ्क ल्याउनुपर्ने नियम बनाइएको छ ।

विगतमा दुबैखाले अङ्क जोडेर उत्तीर्णाङ्क ल्याउन पाउने व्यवस्था थियो । समग्रमा ५२ प्रतिशतभन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुनु चिन्ता र चिन्तनको विषय हो । एसइईको खस्कँदो नतिजाबारे सर्वत्र चर्चा चुलिएको छ । यसरी नतिजा खस्कनुको कारण र निराकरणको सूक्ष्म पहिचान गर्न विद्यालयको समग्र शैक्षिक वातावरणको लेखाजोखाले मात्र सही निष्कर्षमा पुग्न सकिन्छ ।

एसइई नतिजामा ह्रास आउनुका कारण के-के हुन सक्छन् ? परीक्षा खस्कनुको दोष शिक्षक, विद्यार्थी, अभिभावकलाई मात्र लगाएर उम्किन मिल्छ ? विद्यमान शिक्षा नीति, पाठ्यखम, परीक्षा पद्धति, साधनस्रोतको उपलब्धता र प्रयोग आदिको नतिजाप्रतिको असरबारे निर्मम समीक्षा किन नगर्ने ? नतिजाले प्रत्यक्ष रूपमा विद्यार्थी असफल भएको देखिए पनि अप्रत्यक्ष रूपमा राज्यको समग्र शिक्षा नीति असफल भएको हो । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको परीक्षाफल टिठलाग्दो छ । तसर्थ, राज्यले परीक्षाको नतिजा प्रकाशितको समयमा मात्रै चासो र चिन्ता प्रकट गर्ने अरू बेला बिर्सने बानीले कमजोर नतिजा बर्सौंसम्म नदोहोरिएला भन्न सकिन्न ।

विगत नौ दशकदेखि चल्दै आएको एसइईको अङ्क मूल्याङ्कन पद्धतिलाई २०७२ सालदेखि अक्षराङ्कनमा परिवर्तन गरियो । विगतमा एसएलसीको नामबाट लिइएका परीक्षामा पनि ५० प्रतिशत विद्यार्थी उत्तीर्ण नभएका कैयौँ उदाहरण छन् । यसरी राज्य र अभिभावकले गरेको लगानी खेर जानुका कारण के-के होलान् भनी गम्भीर हुन नसक्नु विडम्बना नै हो । नतिजा प्रकाशनताका केही समय सुधारका मौसमी हल्ला हुने र पछि त्यसै सेलाएर जाने पुरानै परम्परा हो । विद्यार्थीले वर्षभरि अध्ययन गर्ने वातावरणमा सुधार नगरीकन राम्रो नतिजाको अपेक्षा गर्नु भनेको बिरुवामा मलजल तथा गोडमेल नगरीकन फलको आशा मात्र गर्नु जस्तै हो । शैक्षिक विकृति र विसङ्गतिको राम्रो चिरफार गरेर सुधारका लागि पहल गर्न ढिला भइसकेको छ । विद्यालय शिक्षा हेर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई संविधानले दिएको छ । सङ्घीय शिक्षा ऐन नबनेको कारणबाट शैक्षिक व्यवस्थापन र नियमन बेवारिसे बनेको छ ।

परीक्षा सञ्चालन मात्र नभएर शिक्षा नीति-निर्माण र कार्यान्वयन तहमा बसेका




शिक्षकलगायतका जिम्मेवार पदाधिकारीका लागि नतिजा खस्किनुमा एकले अर्कालाई दोष दिएर जिम्मेवारीबाट उम्किने कसरत भइराखेको छ । परीक्षाको नतिजाले केवल विद्यार्थीको उपलब्धिको मात्र मूल्याङ्कन नगरेर समग्र शिक्षा प्रणालीको प्रभावकारिता, स्तरीयता र विश्वसनीयतासँग दाँजेर हेरिनु पर्छ । वास्तवमा खस्कँदो एसइई मात्र हो कि समग्र शिक्षा नीति हो, बहसको विषय बन्नु पर्छ ।

विद्यालय शिक्षाको संरचना र परीक्षा प्रणाली बेलाबखत परिवर्तन हुँदै आएको जगजाहेर नै छ । २०४६ सालको जनआन्दोलनपश्चात् विद्यालय शिक्षामा दुई वर्ष बढाई कक्षा ११ र १२ थपियो । लामो रस्साकस्सीपछि क्याम्पसबाट प्रवीणता प्रमाणपत्र तहको पढाइ विस्थापन गरी उच्च माध्यमिक विद्यालय सञ्चालन गरियो । उच्च माध्यमिक तहका विद्यालयको नियमन गर्न उच्च माध्यमिक शिक्षा परिषद्को नयाँ संरचना खडा गरियो । विद्यालय तहको शिक्षा एउटै निकाय र नियमबाट व्यवस्थित हुनुपर्ने विज्ञहरूको सुझाव तथा समयको माग अनुसार शिक्षा ऐन २०२८ को आठौँ संशोधन २०७३ ले कक्षा ११ र १२ लाई कानूनतः विद्यालय शिक्षामा समायोजन गऱ्यो ।

यस संशोधनले तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् राष्ट्रिय परीक्षा बोर्डमा रूपान्तरण भयो । विद्यालय तहको अन्तिम कक्षा १२ मा मात्र एसएलसी परीक्षा सञ्चालन हुने भयो । विगतका वर्षमा कक्षा १० मा लिइँदै आएको परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (एसइई) नामकरण गरियो । कानूनतः एसइई परीक्षा सञ्चालनको जिम्मा तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालय र अहिले प्रदेश सरकारलाई दिइए पनि केन्द्रीयस्तरको निकाय परीक्षा नियन्त्रण कार्यालयबाटै सञ्चालन हुँदै आएको छ ।

कक्षा १० को अन्त्यमा लिइने वार्षिक परीक्षालाई प्रवेशिका, एसएलसी हुँदै एसइईको नामबाट सञ्चालन हुँदै आएको हो । १९९० सालदेखि आजसम्म सञ्चालन हुँदै आएको यस परीक्षाले विभिन्न कालखण्डमा विविध आरोहअवरोह खेप्दै आएको छ । परीक्षा नियन्त्रण कार्यालयले देशभर परीक्षा सञ्चालन, नतिजा प्रकाशन लगायतका व्यवस्थापकीय काम गर्दै आएको जगजाहेर नै छ । देशभरमा कक्षा १० का सम्पूर्ण विद्यार्थीलाई एउटै प्रश्नपत्र र एकैखालको व्यवस्थापनबाट परीक्षा लिइने भएकाले विद्यालय तहमा लिइने अन्य परीक्षाको तुलनामा एसइईको स्तरीयतामा विश्वसनीयता र वैधता थियो ।

नतिजामा देखिएको कमजोरीले एसइईको अस्तित्व कायम रहला नरहला भन्नेबारेमा पक्ष र विपक्षमा बहस चुलिएको छ । विगतमा एसएलसीका रूपमा रहँदा र अहिले एसइईमा रूपान्तरण हुँदाको नतिजाको स्तरीयता र गरिमामा आकाश जमिनको फरक रहेको जगजाहेर नै छ । परीक्षालाई विकेन्द्रीकरण र सरलीकरण गर्नुपर्नेमा अधिकांश शिक्षाविद्को मत छ । तर, उत्तीर्ण प्रतिशत उच्च बनाउने नाममा पढाइमा सुधार नगरीकन परीक्षालाई मात्र सहज बनाउँदाको परिणाम शिक्षाको गुणस्तर खस्किएको हो । शिक्षामा गरिएको लगानी अनुसारको अपेक्षित प्रतिफल प्राप्तिको कसीमा आन्तरिक परीक्षाको विश्वसनीयता र निष्पक्षताबारे संशय बढेको छ । शैक्षिक प्रणाली र परीक्षा पद्धतिको दूरगामी असरबारे भरपर्दो अध्ययन र आकलनबिना गरिने परिवर्तनको परिणाम नकारात्मक नहोला भन्न सकिन्न ।

आन्तरिक मूल्याङ्कनको विश्वसनीयता विवादमा पर्दै आएको अनुभवमा मेधावी र कमजोर विद्यार्थी खुट्याउने अकाट्य पारदर्शी मापदण्डको पहिचान र कार्यान्वयन चुनौतीपूर्ण छ । विगतमा एसइई प्रयोजनका लागि आन्तरिक मूल्याङ्कनबाट प्रयोगात्मक अङ्क दिँदा प्रायः सबै विद्यालयले अधिकांश विद्यार्थीलाई पूर्णाङ्क दिने गरेको जगजाहेर नै छ । परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन गरिँदै आएको अंग्रेजी विषयको सुनाइ बोलाइ परीक्षामा कुनै पनि विद्यार्थी अनुत्तीर्ण नगर्ने निर्देशन नै हुन्छ । जब कि मौखिक परीक्षामा उच्च अङ्क ल्याउने कैयौँ परीक्षार्थी लिखित परीक्षामा कम अङ्क मात्र नभएर अनुत्तीर्ण नै भएका हुन्छन् । आन्तरिक मूल्याङ्कनको नाम मात्रको परीक्षा प्रणाली अपनाएर ग्रेडसिट प्रदानले विद्यार्थीको सही मूल्याङ्कन हुन सक्दैन ।

अन्तर्राष्ट्रिय अभ्यास समेतलाई महशुस गरेर ग्रेडिङ प्रणालीमा नतिजा प्रकाशन गर्ने अभ्यासले पनि विद्यार्थीका वास्तविक उपलब्धि गुणस्तरीय हुन सकेन । ग्रेडिङमा प्रायः कोही पनि अनुत्तीर्ण नहुने मानसिकताका कारण पढ्न र पढाउनमा उदासीनता छायो । पढाइको सुधारमा ध्यान नदिई परीक्षा प्रणालीमा मात्र परिवर्तन गरेर शिक्षामा गुणस्तरीयता कायम गर्न सकिँदैन भन्ने यो एउटा ज्वलन्त उदाहरण हो । धेरै विद्यार्थीले उच्च उपलब्धि हासिल गर्नु कदापि अनुचित होइन तर माथिल्लो तहमा पनि निरन्तरता दिने ल्याकत कतिमा होला, पछि यही उच्च नतिजा नै आत्मग्लानिको कारक त बन्ने होइन, चिन्ता र चासोको विषय बनेको छ । गोप

# लायन्स क्लव अफ बिर्तामोड लेडीकी ओली सम्मानित



**बिर्तामोड, असार २०।** विभिन्न ७० वटा सामाजिक कार्य गरी आफ्नो एक वर्षे कार्यकाल सफल रुपमा पूरा गरेकी लायन्स क्लव अफ बिर्तामोड लेडीकी अध्यक्ष निरू उप्रेती ओली सम्मानित भएकी छन् ।

लायन वर्ष २०२३/०२४ मा विभिन्न विधामा उत्कृष्ट सेवा गरेवापत उनलाई बेस्ट प्रेसिडेन्ट अफ द इयर र सर्भिस एक्सेलेन्स प्रेसिडेन्ट अफ द इयरको रुपमा सम्मान गरिएको हो । लायन्स इन्टरनेशनल डिस्ट्रिक ३२५ सीको चौथो क्याविनेट बैठक एवम् अवार्ड सेरोमोनी कार्यक्रममा लायन वर्ष २०२३/०२४ मा विभिन्न विधामा उत्कृष्ट सेवा गरेवापत डिस्ट्रिक्ट गभर्नर विजयहरि शर्माले सम्मान प्रदान गरेका थिए ।

अध्यक्ष ओलीले अध्यक्षको एकवर्षे कार्यकालसम्म साथ र सहयोग गरी सफल बनाउने लायन्स क्लवका डिस्ट्रिक चिफ निरजकुमार ओली, सम्पूर्ण सदस्य, विभिन्न संघ-संस्थामा लगायतलाई धन्यवाद दिएकी थिइन् । उनले ७०औं अर्थात् अन्तिम कार्यक्रमको रुपमा अर्जुनधारा-४ स्थित शिवनारायण प्राथमिक विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गरिदिएकी थिइन् ।

‘शुद्ध पानी तिमीहरूको लागि नानी’ भन्ने नाराका साथ रू. दुई लाख बराबरको तीन सय लिटर प्रतिघण्टा फिल्टर क्षमताको अत्याधुनिक प्रविधियुक्त पानी प्रशोधन वाटर प्लान्ट धारा जडान गरिएको उनले बताइन् । जसको लागि टेरी मिकेस्का फाउन्डेशनले सहयोग गरेको थियो । सो विद्यालयका प्रधानाध्यापकले विद्यार्थीहरुहरूलाई पिउने पानीको असाध्यै समस्या रहेको अवगत गराएपछि आफूहरुले सहयोग गरेको उनले बताइन् ।

सोही अवसरमा अर्जुनधारा नगरपालिकाको सहयोगमा दुई लाख रुपैयाँको लागतमा निर्मित प्रवेशद्वार पनि हस्तान्तरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लव डिस्ट्रिक ३२५ सीका सेकेन्ड भाइस डिस्ट्रिक गभर्नर बबरजङ्ग थापाले ती योजना हस्तान्तरण गरेका थिए ।

# अर्जुनधारामा अंग्रेजी शिक्षकको सम्मेलन



**सुरुङ्गा, असार २०।** अर्जुनधारा नगरपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्यापन गराउने अंग्रेजी शिक्षकहरूको दुई दिने सम्मेलन सम्पन्न भएको छ ।

सम्मेलनले नगरस्तरीय अंग्रेजी विषयगत समिति समेत गठन गरेको छ । समितिमा संगीता खरेल डाँगी, रामचन्द्र आचार्य, ओम आचार्य, मिनीता काफ्ले, भद्र घिमिरे, प्रीतिका परियार र धरणीप्रसाद सुवेदी रहेका छन् । नगरपालिका क्षेत्रमा अंग्रेजी विषय शिक्षणमा आइपर्ने समस्याहरू अंग्रेजी शिक्षकहरूको पेशागत दक्षता अभिवृद्धि गर्ने साथै नगरपालिकाको सहकार्यमा विभिन्न किसिमका तालिम तथा प्रशिक्षणहरू सञ्चालन गर्ने उद्देश्यका साथ नगरस्तरीय अंग्रेजी विषय शिक्षक सञ्जाल गठन गरिएको नगर शिक्षा अधिकृत सुनिता भट्टराईले जानकारी दिइन् ।

नगरमा पहिलोपटक अंग्रेजी शिक्षकहरूको सम्मेलन गरी अंग्रेजी भाषा शिक्षणमा देखापरेका समसामयिक समस्याहरू र त्यसलाई समाधान गर्ने उद्देश्यले सम्मेलनको आयोजना गरिएको अर्जुनधारा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाका उपसचिव तोयानाथ रेग्मीले बताए । उपसचिव रेग्मीका अनुसार दुई दिने सम्मेलन अत्यन्त फलदायी भएको र आगामी दिनमा समेत यस प्रकृतिका सम्मेलन तथा विषयगत गोष्ठीहरू नियमित रुपमा सञ्चालन गरिने उनको भनाइ थियो । सम्मेलनको समापन समारोहमा नवगठित अंग्रेजी विषय समितिले हरेक विद्यालयमा अंग्रेजी विषय समिति गठन गर्ने र सोको जानकारी नगरस्तरीय विषयगत समितिलाई गराउने जानकारी दिएको थियो ।

समापन समारोहलाई सम्बोधन गर्दै नेल्टा कोशी प्रदेशका वरिष्ठ उपाध्यक्ष धर्मेन्द्र भट्टराईले शिक्षकहरूको पेशागत अभिवृद्धि तथा गुणस्तरीय शिक्षा प्रदान गर्न नेल्टासँग आवश्यक विज्ञता तथा विज्ञ प्रशिक्षकहरू रहेको जानकारी गराउँदै नगरपालिकाले चाहेमा त्यस्ता सेवाहरू उपलब्ध गराउने जानकारी दिए । शिक्षा युवा तथा खेलकुद शाखाकी अधिकृत सुनिता भट्टराईले नगरपालिकाले शिक्षकहरूको गुणस्तर अभिवृद्धि गर्ने कुरामा कुनै पनि कसुर बाँकी नराख्ने तर शिक्षकहरूमा समेत जागरुकता र क्रियाशिलता हुनुपर्ने बताइन् ।

